ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोन: ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्स: ००९७७-१-४५७५११२
इमेल: trans@tinepal.org, वेभसाइट: www. tinepal.org, tinepal

जि.प्र.का. काठमाडौं दर्ता नं.८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११

२०८१/१२/१३

हार्दिक श्रद्धाञ्जली

ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालका संस्थापक एवम् पूर्व अध्यक्ष तथा नेपाल सरकारका पूर्व मुख्य सचिव श्री दामोदर प्रसाद गौतमज्यूको यही चैत १२ गते स्वर्गारोहण भएको खबरले हामीलाई स्तब्ध बनाएको छ । भ्रष्टाचार नियन्त्रणको कार्यमा नागरिक समाजको संलग्नता महत्वपूर्ण हुन्छ भन्ने मान्यताका साथ उहाँ समेतको अगुवाईमा वि.सं. २०५३ सालमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको स्थापना भएको थियो ।

पूर्व अध्यक्ष गौतम प्रशासन, बैकिङ्ग लगायत अध्ययन/अध्यापन तथा कूटनीतिक क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आउनुभएको थियो । स्पष्ट वक्ता, अनुभवी र कर्मठ व्यक्ति श्री गौतमज्यूको निधनबाट यस संस्थाले आफ्नो एक अभिभावक तथा एक सशक्त भ्रष्टाचार बिरोधी अभियन्ता गुमाएको अनुभूति गरेको छ । यस दु:खद घडीमा उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसंतप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल प्रार्थना गर्दछ। देश तथा यस संस्थाको उद्देश्य प्राप्तिमा पुर्याउनु गर्नुभएको योगदानको उच्च कदर गर्दै संस्थाका पदाधिकारी, सदस्य र कर्मचारी वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

मदन कृष्ण शर्मा
अध्यक्ष
तथा टी.आई.नेपाल परिवार